नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाण्डौ
फोन { ४२००३०९, ४२००२८१

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
२०६९

पत्र संख्या:-

चलानी नं.:-

आज मिति २०७४ भाद्र १ गते माननीय उप-प्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री श्री बिजयकुमार गच्छादारज्यूको अध्यक्षतामा आ.व. २०७३/७४ को वार्षिक प्रगति समीक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । सो कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री चन्द्रकान्त पौडेल, मन्त्रालयका सचिव श्री दिनेश कुमार थपलिया, सह—सचिवहरु, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागका महानिर्देशक, केन्द्रीय पञ्जिकरण विभागका महानिर्देशक, राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थ मन्त्रालयका प्रतिनिधि, कार्यक्रम/आयोजनाका प्रमूख, अन्य कर्मचारीहरु र विभिन्न सञ्चार माध्यमका सञ्चारकर्मीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा मा. उप-प्रधानमन्त्रीज्यूले गत आ.व.मा झेल्नु परेको विभिन्न समस्याको वावजुद पनि हासिल गरेको प्रगति सन्तोषजनक रहेको र यसलाई यसलाई पृष्ठपोषणको रुपमा लिई आगामी दिनमा आफ्नो कार्यसम्पादनलाई थप प्रभावकारी बनाई प्रगति लक्ष्यको शत प्रतिशत हासिल गर्ने तर्फ सम्पूर्ण कर्मचारी साथीहरु थप जिम्मेवार र क्रियाशील हुनु पर्ने र हाल देखिएका/आइपरेका समस्यालाई प्राथमिकताको आधारमा सम्बन्धित विषयगत मन्त्रालयहरुसँग समन्वय गर्दै अगाडि बढ्न समेत निर्देशन दिनु भएको भयो । यसै क्रममा राष्ट्रिय योजना आयोगको मा. सदस्यज्यूबाट विभिन्न समस्याको वावजुद मन्त्रालयले हासिल गरेको प्रगति सन्तोषजनक रहेको धारणा राख्दै सङ्घीयता कार्यान्वयनमा यस मन्त्रालयको महत्वपूर्ण भूमिका रहेकोले अझ नयाँ परिवेशमा मन्त्रालय क्रियाशील रहनुपर्ने विषयमा जोड दिनु भएको थियो | यसैगरी मन्त्रालयको सचिवज्यूले हालको परिवर्तित समयमा मन्त्रालय र अन्तर्गतका निकायहरुको भूमिका र जिम्मेवारी फेरिएको हुँदा सो अनुरुप सवैभन्दा बढी प्राथमिकता दिएको र पूर्वाधार विकासको कार्यमा गुणस्तरीयता र समयमै कार्य सम्पादन गर्न जोड दिनु भयो ।

उक्त अवसरमा मन्त्रालयका तर्फबाट मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सम्पादित कार्यक्रम तथा आयोजनाहरुको समग्र प्रगतिको प्रस्तुतीकरण भएको थियो | आ.व. २०७३।७४ को लागि विनियोजित कूल बजेट रु १,१६,७३,७९,०८,०००।– मध्ये रु. १,०९,७७,३६,४२,०००।– खर्च भएको (९४.३५) भएको छ | साथै स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र



Scanned by CamScanner

नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन { ४२००१०९ ४२००२८१

पत्र संख्याः-

चलानी नं.:-

केन्द्रीय पञ्जिकरण विभागका महानिर्देशकहरुले आ–आफ्नो विभाग अन्तर्गत कार्यक्रम/आयोजनाहरुको वित्तीय एवं भौतिक प्रगति र कार्यक्रम/आयोजनाहरुको कार्यान्वयनमा आइपरेका प्रमुख समस्या समेत प्रस्तुत गर्नु भएको थियो । मन्त्रालयको प्रस्तुतिको क्रममा उठेका जिज्ञासा तथा सवालहरुको सम्बन्धमा मन्त्रालयका सचिवज्यू, महानिर्देशक र सम्वन्धित कार्यक्रम तथा आयोजना प्रमुखहरुबाट स्पष्ट रुपमा सम्वोधन गर्नु भएको थियो ।

रुद्रसिंह तामाङ

सह सचिव एंव प्रवक्ता

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

मिति २०७४।०५।०१

रुद्रसिंह तामाङ
सह-सचिव



Scanned by CamScanner